# कोभिड -१९ रोगको सन्दर्भमा पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको आयात तथा आन्तरिक ओसारपसार गर्दा अपनाइने Standard Operating Procedure (SOP), २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

# प्रस्तावना

बाह्य मुलुकबाट आयात तथा आन्तरिक ओसारपसार हुने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीबाट कोभिड-१९ रोगको संक्रमण हुन तथा फैलिन नदिन पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १७ वमोजिम "कोभिड -१९ रोगको सन्दर्भमा पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको आयात तथा आन्तरिक ओसारपसार गर्दा अपनाउने Standard Operating Procedure (SOP), २०७७" तयार गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो SOP को नाम "कोभिड -१९ रोगको सन्दर्भमा पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको आयात तथा आन्तरिक ओसारपसार गर्दा अपनाउने Standard Operating Procedure (SOP), २०७७" रहेको छ ।

ख) यो SOP स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा

क) "कार्यालय" भन्नाले संघ, प्रदेश वा स्थानीय तहका पशु सेवासँग सम्वन्धित कार्यालयहरु सम्झनु पर्दछ ।

ख) "चेकपोष्ट" भन्नाले स्थायी वा अस्थायी पशु क्वारेन्टाइन चेकपोष्ट भन्ने सम्झनु पर्दछ ।

ग) "मालवाहक सवारी साधन" भन्नाले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरु ढुवानीका लागि प्रयोग भएका साधनहरु सम्झनु पर्दछ । यो शव्दले कार्गो सेवा समेतलाई जनाउछ ।

घ) "Health Desk" भन्नाले मानव स्वास्थ्य परीक्षणका लागि भन्सार विन्दुमा खटिएका स्वास्थ्यका कर्मचारीहरु सहितको स्थायी वा अस्थायी चेकजाँच गर्ने ठाउँ भन्ने सम्झनु पर्दछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल

ङ) "आयात विन्दु" भन्नाले भन्सार तथा पशु क्वारेन्टाइन चेकपोष्टहरु भएका स्थानहरु भन्ने सम्झनु पर्दछ ।

च) "होल्डिङ्ग यार्ड" भन्नाले कार्यालय वा चेकपोष्टले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको जाँच गर्दा राखिने स्थल भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद-२

## निसंक्रमण र सुरक्षाविधि

**३. मालवाहक सवारी साधनबाट आयात गरिने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको नि:संक्रमण (Disinfection) गरेको प्रमाणपत्र पेश गर्नुपर्नेः**

क) आयात हुने कन्साइनमेन्ट लिइ आउने मालबाहक सवारी साधनले कन्साइन्मेन्ट लोड हुनु अगावै सरसफाइ तथा नि:संक्रमण गरेर मात्र सामान लोड गरेको खुल्ने नि:संक्रमण प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । क्वारेन्टाइन प्रक्रिया पूरा भैसकेपछि नि:संक्रमणका शर्त सहितको क्वारेन्टाइन प्रमाणपत्र जारी गर्नु पर्दछ।

**४. चालक र पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री लिई आउने व्यक्तिमा कोभिड १९ रोगको लक्षण नभएको एकिन गर्नेः**

(क) भन्सार विन्दुको Health desk मा खटिएका स्वास्थ्यकर्मीले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री लिई आउने व्यक्ति, चालक तथा संलग्न सहयोगीहरुको अनुसूची १ बमोजिमको स्व:घोषणा फारम भराई अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गर्ने र रोगका लक्षण देखिएमा Health desk बाट तोकिएको अस्पतालमा पुऱ्याउन सम्बन्धित निकायलाई जानकारी गराउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम परीक्षण गर्दा रोगका लक्षण नदेखिएमा मास्क लगाएको र स्यानिटाईजर वा सावुन पानीले हात राम्रोसँग धोएको एकिन गर्नु पर्नेछ ।

**५. आयात विन्दुमा मालवाहक सवारी साधनको सरसफाइ तथा नि:संक्रमण गर्नेः**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल

क) कन्साइनमेन्ट लिई आउने मालवाहक सवारी साधन, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको प्याकेजिङ्ग सामाग्रीमा नि:संक्रमण गराई चेकपोष्टबाट अनुसूची-२ वमोजिमको नि:संक्रमण प्रमाणपत्र प्रदान गर्नुपर्ने छ ।

**६. आन्तरिक ओसारपसारमा संलग्न ढुवानी साधनको सरसफाइ तथा नि:संक्रमण गर्नेः**

क) पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरु ओसारपसार गर्ने मालवाहक सवारी साधनहरुको सरसफाई तथा नि:संक्रमण गराई नि:संक्रमण भएको व्यहोरा पशु चिकित्सकद्वारा जारी भएको पशु स्वास्थ्य प्रमाण पत्रमा उल्लेख गर्नु पर्नेछ ।

**७. क्वारेन्टाइन जाँचमा संलग्न कर्मचारीहरुको स्वास्थ्य सुरक्षा विधिः**

(क) पशु क्वारेन्टाइन चेकपोष्टका जाँचमा संलग्न कर्मचारीहरुले रोगबाट आफू सुरक्षित हुन र अरुलाई सुरक्षित बनाउन अनुसूची-३ बमोजिमका सुरक्षा सामाग्रीहरु प्रयोग गरी देहाय वमोजिमका उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

(१) सेवाग्राहीसँग सोधपुछ वा कुराकानी गर्दा कम्तीमा २ मिटरको दूरी कायम गर्नु पर्दछ ।

(२) सम्भव भएसम्म आवश्यक कागजातहरुको स्क्यान कपी इलेक्ट्रोनिक माध्यमबाट झिकाई निरीक्षण गर्नु पर्नेछ । कागजातहरुको हार्डकपी हेर्नु परेमा पन्जा लगाई सुरक्षित तरिकाले हेर्ने र तत्पश्चात् स्यानिटाइजरले प्रत्येक पटक हात सफा गर्ने वा सावुन पानीले कम्तीमा २० सेकेण्डसम्म हात धुनु पर्दछ ।

(३) कुनै कोभिड १९ शंकास्पद व्यक्तिसँग प्रत्यक्ष कुरा भएमा वा त्यस्तो कुनै व्यक्तिको थुक वा सिगानका छिटा उछिट्टिएर आफ्नो कभरअल वा कपडा, मास्क वा पन्जा दुषित भएको अवस्थामा डिस्पोजिवल सुरक्षाका सामानहरु डिस्पोज गर्ने र कभरअल बदल्नु पर्दछ। कभरअल, मास्क, पन्जा आदि तोकिएको निर्मलीकरण विधि प्रयोग गरेर मात्र पुनः प्रयोग गर्नु पर्दछ ।

(४) पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरु वा कागजात छोएमा पञ्जा नखोली स्यानीटाईजर वा सावुन पानीले हात धुनु पर्दछ।

(५) मास्क लगाउदा र खोल्नु पर्दा कानमा अड्काउने भागमा मात्र सफा हातले छुने र सफा ठाँउमा मात्र राख्ने अन्यथा नयाँ मास्कको प्रयोग गर्नु पर्दछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल

(६) थुक र सिगानका छिटा परेको सामान टकटक्याउने वा झट्कार्ने काम गर्नु हुदैन । काम गरी रहँदा पन्जा लगाएको वा खाली हातले आँखा, नाक र मुख छुनु हुदैन। सावुन पानी नभएमा स्यानिटाईजरले हात सफा गर्न सकिन्छ ।

८. मालवाहक सवारी साधन तथा प्याकिङ्ग सामाग्रीको सरसफाइ तथा नि:संक्रमण विधिः

(क) सरसफाइः

(१) मालवाहक सवारी साधनमा रहेको सुख्खा फोहोर मैला सफा पानीको फोहराको माध्यमबाट हटाउनु पर्नेछ । अनुसूची-४ बमोजिमका सामाग्रीहरु प्रयोग गरी सरसफाइ गर्नु पर्दछ ।

(ख) नि:संक्रामक घोलको प्रयोगः

(१) अनुसूची-५ मा उल्लेख भएका नि:संक्रामक (Disinfectant) हरु मध्ये कुनै एकको तोकिएको मात्रामा प्रयोग गरी मालवाहक सवारी साधन र पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको प्याकिङ्ग सामाग्रीलाई नि:संक्रमण गर्नु पर्दछ ।

## परिच्छेद-३

## विविध

९. अनुगमन तथा मुल्याङ्कन

(क) यस SOP कार्यान्वयनको लागि सम्वन्धित कार्यालयले नियमित रुपमा अनुगमन तथा मुल्याङ्कन गरी पशु सेवा विभागमा मासिक, चौमासिक र वार्षिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१०. खारेजी तथा वचाउ

(क) यस SOP मा समय सापेक्ष संशोधन वा खारेजी आवश्यक रहेको ठानेमा पशु सेवा विभागले पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

अनुसूची-१

# स्व. घोषणा फाराम

## (SOP को बुँदा ४ (क) सँग सम्बन्धित)

१. सवारी चालक/सहचालक/ अन्य सहयोगी व्यक्तिको विवरण

(क) नामथरः

(ख) उमेरः

(ग) वतनः

(घ) अन्तिम पटक नेपाल आएको र फर्केको मितिः

(ङ) सम्पर्क नम्बरः

(च) मालवाहक सवारी साधन नम्वरः

२. उल्लेखित विवरण सही हो, झुठ ठहरे कानून बमोजिम सहुँला वुझाउँला ।

(क) म विगत १४ दिनसम्म कुनै संक्रमितको सम्पर्कमा छैन।

(ख) मेरो परिवारमा कोही संक्रमित छैन ।

(ग) म विगत १४ दिनदेखि सुख्खा खोकी, ज्वरो, श्वास प्रश्वासमा असहज, माशंपेशी कमजोर भएको वा उक्त लक्षण परिवारका सदस्यहरु वा सम्पर्कमा आएका व्यक्तिहरुमा छैन ।

नाम/थरः

दस्तखतः

---

कार्यालय प्रयोजनका लागि

मिति/समयः

कर्मचारी नाम र दस्तखतः

प्रमाणित गर्नेः

रेकर्ड राख्नेः

अनुसूची-२

**(SOP को बुँदा ५ (क) सँग सम्बन्धित)**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु क्वारेन्टाइन कार्यालय, ...............................
पशु क्वारेन्टाइन चेकपोष्ट, .......................

## <u>नि:संक्रमण प्रमाणपत्र</u>

रजि. न.

(क) नाम थरः——————.                    मोबाइल न :——————

(ख) मालवाहक सवारी साधन नम्वरः———————

(ग) पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको विवरणः

.............................. .............................. .............................. ..............................

(घ) नि:संक्रमित स्थान————— जाने ठाउँ—————

माथि उल्लेखित विवरण अनुसार मालवाहक सवारी साधन / पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको प्याकिङ्ग नि:संक्रमण (नि:संक्रमण——————र ——————मात्रा) ले नि:संक्रमण गरिएको व्यहोरा प्रमाणित गरिन्छ ।

| निसंक्रमण गर्ने | प्रमाणित गर्नेः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | कर्मचारीको नाम र पदः |
| मितिः | समयः |

---

कार्यालय प्रयोजनका लागि

रजि. न.

पशु क्वारेन्टाइन चेकपोष्ट, ........................

कर्मचारीको नाम र दस्तखतः...........................

मिति र समयः......................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल

अनुसूची-३

# व्यक्तिगत सुरक्षा समाग्रीहरु

(SOP को बुँदा ७ (क) सँग सम्बन्धित)

क) पिपिई वा पूरै जिउ छोप्ने गरी कपडा (लामबाउले सर्ट, फुलपाईन्ट) र सकेसम्म वाटर प्रुफ कभरअल लगाउने ।

ख) ठूलो चस्माले आँखा सुरक्षित वनाउने ।

ग) दुवै हातमा डिस्पोजिवल रवरका पन्जा लगाउने ।

घ) सर्जिकल मास्क लगाउने ।

अनुसूची -४

# सरसफाइ स्थलमा आवश्यक सामाग्रीहरु

(SOP को बुँदा ८ (क) सँग सम्बन्धित)

1. Foot Bath
2. Plastic Bucket and Brush
3. Towels
4. Motorized Pressure Washer (>700 PSI)
5. Water Source (e.g. Potable water tanks)
6. Detergent
7. Antiseptic soap
8. Items to contain runoff water from the washing area (Gravel and Sand), treatment and drainage facilities
9. Electric power generators
10. Handheld Sprayer
11. Wastage disposable bin
12. Heavy Duty plastic bags
13. Approved aerosol spray for passenger area in vehicles
14. Cleaning equipment (Brushes, shovels, scrapers)
15. Items to contain runoff water from the washing area (Gravel and Sand) and drainage facility

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल

अनुसूची -५

# नि:संक्रमणमा प्रयोग हुने रसायनहरु

(अपनाइने स्टान्डर्ड विधि को बुँदा ८ (ख) सँग सम्बन्धित)

तल उल्लेख गरिएका मध्ये कुनै एक वा मिश्रित नि:संक्रमण रसायनको प्रयोग गर्न सकिनेछ ।

1. Triethylene glycol; Quaternary ammonium
2. Thymol
3. Sodium hypochlorite; Sodium carbonate
4. Sodium dichloroisocyanurate
5. Sodium dichloro-Striazinetrione
6. Silver ion; Citric acid
7. Quaternary ammonium; Ethanol (Ethyl alcohol)
8. Potassium peroxymonosulfate; Sodium chloride
9. Phenolic
10. Peroxyacetic acid (Peracetic acid); Hydrogen peroxide
11. Octanoic acid
12. L-Lactic Acid
13. Isopropanol (Isopropyl alcohol); Quaternary ammonium
14. Hypochlorous acid
15. Hydrogen peroxide; Silver
16. Hydrogen chloride
17. Hydrochloric acid
18. Glycolic acid
19. Ethanol (Ethyl alcohol); Quaternary ammonium
20. Dodecylbenzenesulfonic acid; Lactic acid
21. Citric acid; Thymol
22. Chlorine dioxide
23. 1,2-Hexanediol
24. 31. WHO वा OIE वा स्वास्थ्य मन्त्रालयबाट मान्यता प्राप्त अन्य नि:संक्रामकहरु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल